## गौशाला नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, महोत्तरी

**आर्थिक वर्ष २०७९/०८०**

# नीति तथा कार्यक्रम

## २०७९ असार १० गते

## गौशाला नगरपालिका

**महोत्तरी**

**मधेश प्रदेश, नेपाल**

**www.gaushalamun.gov.np**

# गौशाला नगरपालिकाको आ. व. २०७९/८० को नीति तथा कार्यक्रम

*प्रमुख अतिथि ज्यू,*

*बिशेष अतिथि ज्यूहरू,*

*अतिथि ज्यूहरु,*

*नगरसभाका सदस्यज्यूहरु,*

*पत्रकारज्यूहरु,*

*उपस्थित सबै कर्मचारीहरु ।*

तथा हाम्रो निमन्त्रणालाई स्वीकार गरी बार्षिक नगर विकास योजनामा महत्वपूर्ण राय सुझाव दिन उपस्थित हुनुभएका नगर प्रेमी सम्पुर्ण नगरवासीहरु प्रति हार्दिक कृतज्ञता तथा आभार प्रकट गर्दछु ।

लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, बहुलबाद, सामाजिक न्याय सहितको समानुपातिक समावेशी प्रतिनिधिमूलक व्यवस्था, मौलिक अधिकार, नागरिक स्वतन्त्रता जस्ता महत्वपूर्ण उपलब्धिहरु संस्थागत हुनुको साथै सिंहदरबारको अधिकार स्थानीय जनप्रतिनिधीहरु मार्फत तपाईहरुको घर आगँनसम्म पु¥याउन हामीहरुलाई विश्वास गरी गौशाला नगरपालिकाको जन प्रतिनिधीको रूपमा निर्वाचित गरी कार्य जिम्मेवारी दिनु भएकोमा हार्दिक धन्यवाद दिन चाहन्छु। सार्वभौमसत्ता सम्पन्न नेपाली जनताले निर्वाचित गराएर गौशाला नगरपालिकाको यस गरिमामय आठौँ नगरसभा समक्ष आर्थिक वर्ष २०७९÷०८० का लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु ।

सर्वप्रथम मुलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्रको युगमा ल्याउने क्रममा अधिकार प्राप्तिको लागि भएका सवै संघर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने महान शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै आन्दोलनका क्रममा घाइते भएका सम्पूर्ण घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु।नेपालको एकीकरणदेखि नै नेपाललाई एक अटल एवं स्वाधीन राष्ट्रको रुपमा राख्ने हाम्रा वीर पुर्खाहरु र राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको लागि कठोर संघर्ष गर्ने हाम्रा अग्रजहरुलाई उच्चसम्मानसहित स्मरण गर्न चाहन्छु।

नगरको समग्र विकासको लागि कडा मिहेनत गर्ने यस नगरका नगर कार्यपालिका तथा नगरसभा सदस्यहरुको समन्वय एवं सहमतिमा गौशाला नगरपालिकाको स्वास्थ्य, शिक्षा, कृषि लगायत समग्र विकास निर्माणको लागि मन, बचन र कर्मले लागि पर्ने व्यहोरा सम्पूर्ण नगरवासीलाई बिश्वास दिलाउन चाहन्छु । साथै विकास निर्माण तथा जनतासंग सरोकारका हरेक क्षेत्रमा नगरसभा सदस्य तथा राजनीतिक दलहरुबाट हुने सहयोगको अपेक्षा गर्दै हाल सम्म यहांहरुले गर्नु भएका योगदानको लागि आभार व्यक्त गर्न चाहन्छु।

अब म आ.ब.०७९÷०८० को लागि गौशाला नगरपालिकाले विभिन्न क्षेत्रमा अख्तियार गर्ने बजेट, नीति तथा कार्यक्रम यस सम्मानीत सभाको उद्घाटन समारोहमा आदरणीय महानुभावहरु समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

नगर सभा सदस्यहरु,

अब म आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्न गई रहेको छु।

## सामाजिक विकास

**"सबैको लागि गुणस्तरीय शिक्षा, हाम्रो प्रतिबद्धता"** भन्ने आदर्श वाक्यका साथ गौशाला नगरपालिकाले शिक्षा युवा तथा खेलकुद क्षेत्रमा निम्न बमोजिमको नीति अबलम्बन गर्नेछ।

**१. शिक्षा, यूवा तथा खेलकुद :**

(क) सार्वजनिक शिक्षाको सबलीकरण गर्दै गुणस्तरीय र प्रविधिमैत्री शिक्षा प्रदान गर्ने नीति लिइनेछ।

(ख) नगरभित्र साक्षरता अभियान संचालन गरी साक्षर नगरपालिका घोषणा गरिनेछ।

(ग) नगरभित्रका बालबालिकाहरुको सर्वाङ्गीण विकासका लागि सामुदायिक बाल उद्यान केन्द्र स्थापना गरिनेछ।

(घ) न्यून दरबन्दी रहेका विद्यालयहरुमा विद्यार्थी संख्याका आधारमा नगरपालिकाबाट स्थानीय शिक्षकको व्यवस्था गरी पठनपाठनलाई सुदृढीकरण गरिनेछ।

(ङ) शिक्षालाई योग र नागरिक आरोग्यसंग जोडिनेछ।

(च) शिक्षा बिज्ञ, स्थानीय बुद्धिजीवी र शिक्षकहरूसँग आवश्यक परामर्श र समन्वय गरी स्थानीय विषयमा पाठ्यक्रम निर्माण गरी लागू गरिनेछ।

(छ) दलित, पिछडावर्ग र विद्यालय बाहिर रहेका अन्य सबै बालबालिकाका लागि विद्यालयसम्म ल्याउन कार्यक्रम संचालन गर्ने नीति लिइनेछ।

(ज) सामुदायिक विद्यालयमा आफ्ना छोराछोरी पढाउने जनप्रतिनिधि, शिक्षक तथा कर्मचारीहरूलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।

(झ) गौशाला प्राविधिक शिक्षालयको पठनपाठनलाई विषय र क्षेत्रगत रुपमा विकास र विस्तार गर्दै लगिनेछ।

(ञ) कक्षाकोठा, शौचालय, खानेपानी, घेराबार निर्माण तथा मर्मत सम्भारगरी विद्यालयको भौतिक संरचनाको क्रमिक सुधार गर्दै लगिनेछ।

(ट) विद्यालयहरुमा क्रमिक रूपमा कम्प्युटर प्रयोगशाला, विज्ञान प्रयोगशाला र पुस्तकालयको स्थापना गरिनेछ।

(ठ) विद्यालयहरुमा वृक्षारोपण गरी हरित विद्यालयको अवधारणालाई अगाडी बढाइनेछ।

(ड) शिक्षकहरुको क्षमता अभिवृद्धि र विकासको लागी तालिम गर्नुका साथै बार्षिक शैक्षिक क्यालेन्डरको आधारमा पठनपाठन गरिनेछ।

(ढ) शिक्षक दरबन्दी मिलान गरी शिक्षकको व्यवस्थापन गरिने नीति लिइनेछ।

(ण) न्यून विद्यार्थी संख्या र विद्यालयको दूरी १ कि.मी. भन्दा कम भएको विद्यालयहरुलाई गाभ्ने नीति लिइनेछ।

(त) धार्मिक प्रकृतिका शिक्षालयहरूलाई मूलप्रवाहीकरण गरिनेछ

(थ) नगरभित्रका सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न १० बर्षे शिक्षा योजना निर्माण गरी चालु आर्थिक वर्षबाट लागू गर्दै लगिनेछ।

(द) प्रत्येक वडामा कम्तीमा १ वटा विद्यालयलाई नमूना विद्यालयको रूपमा विकास गर्ने नीति लिइनेछ।

(ध) शिक्षकहरुको लागि सुनौलो स्वेच्छिक अवकास (गोल्डेन ह्यान्डसेक) को अवधारणालाई लागु गरिनेछ।

(न) बालविकास र कक्षा १ देखि अङ्ग्रेजी माध्यमबाट पठनपाठन गराउने नीति लिइनेछ।

(प) भिन्न क्षमता भएका बालबालिकाहरूको शिक्षाको सुनिश्चितताको लागि क्रमश: अवसरहरूको बिस्तार गरिनेछ ।

(फ) गौशाला इन्जिनियरिंग कलेजको संचालन तथा व्यवस्थापनको लागि राजर्षी जनक विश्वविद्यालयसंग समन्वय गरी यसै बर्ष देखि कक्षा संचालन गरिनेछ।

(ब) यूवा तथा खेलकुद मन्त्रालय र नगरपालिकाको सहकार्यमा स्थानीय खेलकुद पूर्वाधार विकास कार्यक्रम मार्फत स्थानीय यूवा खेलाडीहरूलाई वृत्ति विकासको अवसर सृजना गरिनेछ।

(भ) स्थानीय खेल मैदानहरूको स्तर उन्नति गर्दै लगिनेछ ।

(म) विद्यालय बाहिर रहेका र बिचैमा विद्यालय छाडेर पठनपाठनमा निरन्तरता दिन नसकेका विद्यालय जाने उमेर समूहका बालबालिकाको लागि छुटै वैकल्पिक शिक्षा प्रदान गरिने नीति लिईनेछ ।

(य) गौशाला बहुमुखी क्याम्पस र कान्तिबजार राष्ट्रिय क्याम्पसको संचालन र व्यवस्थापनलाई पुनसंरचना गरी स्नातक तहको पठनपाठन शुरु गरिनेछ ।

(र) नगर भित्रका सामुदायिक विद्यालयहरूको शैक्षिक सुधारको लागि एक शैक्षिक कोषको स्थापना गरिनेछ।

(ल) सामुदायिक विद्यालयहरू शैक्षिक अवस्थाको निरन्तर अनुगमन गरिनेछ ।

(व) कक्षा ८ को बार्षिक परीक्षालाई केन्द्रिकृत गरी केन्द्रमा उत्तर पुस्तिका परीक्षण गरिनेछ र सो परीक्षामा विभिन्न विषयमा देखिएका उत्कृष्टता र कमि कमजोरीको बारे नतिजा विश्लेषण गरी आगामी शैक्षिक सत्रमा शैक्षिक सुधारको लागि आवश्यक पहल गरिनेछ ।

(श) कक्षा १० र १२ को बार्षिक परीक्षा बाहेक अन्य परीक्षाको लागि नगरबाटै प्रश्नपत्र निर्माण गरी परिक्षा संचालन गर्ने नीति लिईनेछ।

**२. स्वास्थ्य :**

गौशाला नगरपालिकाले नगरभित्रका नागरिकहरुलाई आधारभूत स्वास्थ्य सेवाहरु नियमित एवं व्यवस्थित रुपमा पुर्याई नागरिकको स्वास्थ्य अभिवृधि तथा प्रवर्धन गर्ने नीति लिएको छ | नगरपालिकाले हाल संचालनमा रहेको स्वास्थ्य कार्यक्रमहरुलाई निरन्तरता दिदै नागरिक स्वास्थ्य सेवालाई प्रवर्धन गरी पँहुच अभिवृद्धि गर्न देहाय बमोजिम नीति तथा कार्यक्रमहरु कार्यान्वियन गरिनेछ ।

नगर प्रमुख स्वास्थ्य कार्यक्रम अन्तर्गत प्राथमिक स्वास्थ्य केन्द्र गौशालामा शल्यक्रिया सहितको प्रसुति सेवा प्रदान गर्नुका साथै नगर भित्रका विभिन्न वडाहरुमा विशेषज्ञ स्वास्थ्य शिविर संचालन गरिनेछ ।

(क) गौशाला नगरपालिकामा स्वीकृत १५ शैयाको आधारभूत अस्पताललाई प्रदेश स्तरको अस्पतालको रूपमा स्थापना तथा संचालन गर्नुका साथै शैक्षिक कार्यक्रम समेत संचालन गरिनेछ।

(ख) प्राथमिक स्वास्थ्य केन्द्र, गौशालामा अल्ट्रासाउण्ड सेवा, ECG सेवा, आँखा क्लिनिक, डिजीटल एक्सरे, पोस्टमार्टम र सर्पदंश उपचार सेवा विस्तार गर्दै लगिनेछ।

(ग) भरतपुर स्वास्थ्य चौकीमा प्रसुति सेवा, प्रयोगशाला सेवा, ईमरजेन्सी सेवा, डिजिटल एक्सरे र एम्बुलेन्स सेवा बिस्तार गरी नमूना स्वास्थ्य चौकी बनाईनेछ।

(घ) स्वास्थ्य संस्थाहरुमा हाल संचालनमा रहेका गर्भवती जांच तथा प्रसुति सेवा, खोप तथा गाउँघर क्लिनिक सेवा, ओ.पी.डी.सेवा र आमा समूह बैठक र अन्य राष्ट्रिय कार्यक्रमहरुलाई व्यवस्थित एवं सबलीकरण गर्दै लगिनेछ।

(ङ) सबै स्वास्थ्य संस्थामा आधारभूत स्वास्थ्य सेवाहरु संचालनगरी सोको अनलाईन रिपोर्टिंगको व्यवस्था गरिनेछ ।

(च) जेष्ठ महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन सहितको सुनौलो स्वेच्छिक अवकासको अवधारणालाई अवलम्बन गरिनेछ ।

(छ) स्वास्थ्यकर्मीहरुलाई आवश्यक विषयगत तालिमको व्यवस्था गरिनेछ ।

(ज) स्वास्थ्य बिमा कार्यक्रमलाई बिशेष प्राथमिकताकासाथ व्यवस्थित गर्दै लगिनेछ ।

(झ) बहुक्षेत्रीय पोषण कार्यक्रमलाई बिशेष प्राथमिकताका साथ लागु गरिनेछ।

(ञ) गौशाला नगरपालिकालाई क्षयरोग मुक्त बनाउन कार्यक्रम संचालन गरिनेछ।

(ट) नगर भित्र औलो, कालाजार रोग नियन्त्रण कार्यक्रमलाई प्रभावकारी रूपमा संचालन गरिनेछ।

(ठ) गौशाला प्राथमिक स्वास्थ्य केन्द्रमा PHYSIOTHERAPHY को लागि चिकित्सक सहितको सेवा बिस्तार गरिनेछ ।

(ड) गौशाला नगरपालिका भित्र आकस्मिक बिरामीहरूको लागि एम्बुलेन्स सेवा निशुल्क गरिनेछ र गौशाला नगरपालिका बाहिर जानुपर्दा एम्बुलेन्स भाडामा बिशेष सहुलियत प्रदान गरिनेछ।

(ढ) नगरपालिका भित्रका दिर्घ रोगीहरूको तथ्यांक संकलन गरी स्वास्थ्य बीमा कार्यक्रम मार्फत निशुल्क औषधीको व्यवस्था गरिनेछ।

(ण) नगर भित्रका सम्पूर्ण महिलाको पाठेघरको क्यान्सर सम्बन्धी निशुल्क स्क्रिनिंङ गरिनेछ ।

**३. खानेपानी तथा सरसफाई :**

(क) यस नगरभित्र बसोबास गर्ने सम्पूर्ण नागरिकहरुको लागि स्वच्छ खानेपानीको व्यवस्थापनका लागि प्रत्येक वडामा जल संरक्षण कार्यक्रम सञ्चालनमार्फत नगरक्षेत्रको पिउने पानीको दिगो समाधान गर्ने नीति लिइनेछ।

(ख) फोहोरको उत्पादन स्रोतमा नै वर्गीकरण गरी फोहोरलाई मोहरमा रुपान्तरण गर्न आधुनिक प्रविधिको फोहोर संकलन केन्द्रको स्थापना गरिनेछ र फोहोरबाट प्रांगारिक मल उत्पादन गर्न राष्ट्रिय आविस्कार केन्द्रसंग सहकार्य गरिनेछ।

(ग) नगर क्षेत्रमा वातावरण प्रदुषणको कारण बनेका तथा आवश्यक वातावरणीय मापदण्ड पूरा नगरेका उद्योगहरूको सन्दर्भमा प्रारम्भिक वातावरणीय परीक्षण गरी उक्त प्रतिवेदनका आधारमा क्रमशः वातावरण प्रतिकूल उद्योगहरुलाई विस्थापन गर्ने नीति लिइनेछ।

(घ) नगरपालिका र नेपाल खानेपानी संस्थानसंग समन्वय गरी एक घर एक धारा अभियान क्रमश: संचालन गर्दै लगिनेछ।

(ङ) सार्वजनिक स्थलहरूमा आवश्यकता अनुसार खानेपानीको लागि ह्यान्ड पम्पको व्यवस्था गरिनेछ ।

(च) पूर्ण र निरन्तर सरसफाई कार्यक्रम संचालन गरिनेछ ।

**४. लैङ्गिक समानता तथा सामाजिक विकास :**

(क)आर्थिक समृद्धि र दिगो विकास, समान पहुच र नेतृत्व विकासका लागि महिलालाई अवसर सृजना हुने सिपमुलक कार्यक्रम संचालन गर्ने नीति लिईनेछ।

(ख) अपाङ्गता भएका व्यक्तिहरुका लागि सहज रुपमा अपाङ्गता परिचयपत्र प्राप्त गर्न घुम्ती शिबिर संचालनमा ल्याइनेछ ।

(ग) जेष्ठ नागरिकलाई सम्मान सहित बाच्न तथा सम्मानको वातावरण विकास गर्न ज्येष्ठ नागरिक उद्यान स्थापना गरिनेछ ।

(घ) बालबालिका तथा किशोरा किशोरीलाई असल अभ्यासको अनुसरण गर्न तथा विकृती तथा विसंगतीबाट जोगिन चेतना मुलक कार्यक्रम गरिनेछ ।

(ङ) बालबालिकाहरूमा पोषण आहार, असल आनीबानी र अभिभावक बीचको सुमधुर सम्बन्ध विकास गर्न बाल संबेदनशील अभिभावक कक्षा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

(च) अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्ग सहायक साम्रगी तथा सीप मूलक तालिम दिई आत्मनिर्भर तथा आत्म विश्वासको बृद्धि हुने वातावरण सिर्जना गरिनेछ ।

(छ) जोखिममा परेका बालबालिकाहरूका लागि तत्काल राहत उद्दार र संरक्षणका लागि बाल अक्षय कोषको स्थापना गरिनेछ ।

(ज) नगरपालिकाको आफ्नै भवनमा शिशु स्याहार केन्द्र स्थापना गर्न बिशेष पहल गरिनेछ।

(झ) सामाजिक सुरक्षा भत्तालाई लाभग्राही सम्म सरल, सहज र पहुँच योग्य बनाउन नगरपालिका भवनमा स्थानीय बैंकसंगको समन्वयमा एक बिस्तारित शाखा (EXTENSION COUNTER) स्थापना गरिनेछ ।

(ञ) लैंगिक हिँसामा परेका महिलाहरूलाई तत्काल संरक्षण गर्न सेफ हाउसको व्यवस्था गरिनेछ र लैङ्गिक तथा घरेलु हिंसा पिडितहरुको लागि हिंसा निवारण कोषको स्थापना गरिनेछ।

(ट) महिला, बालबालिका तथा अपाङ्गता भएका व्यक्ति र बालविवाह रोकथामका लागि आवश्यक कार्यविधि निर्माण गरी विविध पक्षबाट विकासको लागि पहल गर्ने नीति ल्याईनेछ।

(ठ) नगरपालिका भित्र रहेका सम्पूर्ण महिलाहरुको विवरण संकलन र सोही बमोजिम अवस्था अंकलन गरी लक्षित कार्यक्रम संचालन गरिनेछ।

(ड) छिमेकी पालिका, सरकारी, गैर सरकारी संघसंस्थाहरूसँगको सहकार्यमा लागु औषध दुर्व्यसन रोकथाम अभियान संचालन गरी नगरलाई लागु औषध मुक्त क्षेत्र बनाउन सहयोग पुर्याईनेछ ।

(ढ) महिला शसक्तीकरणलाई सीपमुलक र रोजगारमुलक बनाईने नीति लिईनेछ ।

## आर्थिक विकास

### ५. कृषि र पशुपन्छी विकास :

**कृषि:**

(क) निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक कृषि तर्फ उन्मुख गर्दै व्यवसायिक कृषिलाई बजारको प्रतिस्पर्धी बनाउनुका साथै विषादी रहित अर्गानिक खेती र गुणस्तरीय उत्पादनका लागि कृषिका सबै सरोकारवालाहरु (उत्पादक, प्रशोधनकर्ता, व्यापारी) समेतको माग र आवश्यकता अनुसार सम्बोधन गर्ने नीति लिइनेछ ।

(ख) नगर भित्रका वडाहरुलाई उत्पादनको आधारमा एक वडा एक उत्पादनमा जोड दिई व्यवसायीकरणलाई बढावा दिदै कृषि उपभोगमा नगरलाई आत्मनिर्भर बनाई कृषि बस्तु निर्यातमा विशेष जोड दिइनेछ।

(ग) कृषकहरुको सीप अभिबृद्धि र प्रविधिमा पहुँच विस्तार गर्न कार्यक्रमिक र संस्थागत सुधार गरिनेछ।

(घ) प्रत्येक वडामा कृषि उपज संकलन केन्द्र स्थापना गर्न जोड गरिनुका साथै परम्परागत हाट बजार व्यवस्थापन गरी स्थानीय कृषि बजार र निर्यात प्रवर्द्धनमा जोड दिइनेछ ।

(ङ) नगर भित्र उत्पादित कृषि उत्पादनको न्यूनतम समर्थन मूल्य तोकिने छ र सोही अनुसार विक्रि मूल्य कायम गरिनेछ ।

(च) कृषि उत्पादनसँग सम्बन्धित साना तथा मझौला उद्योग स्थापनामा सहयोग गरिनेछ ।

(छ) युवा लक्षित कार्यक्रमको सहयोगमा कम्तिमा १ वडा १० यूवा कृषकलाई कृषि उत्पादनमा सहभागी गराई कृषि क्षेत्रको व्यवसायीकरण गर्न प्रोत्साहन गरीनेछ ।

(ज)मौरीपालन, च्याउको विउ, उन्नत तरकारीको वीउ, विभिन्न जातका फलफुल खेती, रैथाने वाली, प्लाष्टिक टनेल, ग्रीन हाउस, आधुनिक कृषि यन्त्र तथा उपकरण आदिमा निश्चित प्रतिशत अनुदान दिई कृषि सहकारी, समूह, फर्म तथा कृषकलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।

(झ)भकारो तथा गोठ सुधार कार्यक्रम संचालन गरी आधुनिक प्रांगारिक खेतिमा जोड दिइनेछ।

(ञ)किसान परिचय पत्र कार्यक्रमलाई विशेष जोड दिई परिचय पत्रको आधारमा व्यवस्थित रुपमा कृषि व्यवसाय गर्नेहरुको लागि व्यवसायिक योजनाका आधारमा सहुलियत ऋण वा अनुदान उपलब्ध गराउन बैक तथा वित्तीय संस्थाहरुसगँ समन्वय गरी सहजीकरण गरिनेछ।

(ट) निर्मित कृषि उपज संकलन केन्द्रलाई प्रभावकारी रुपमा सञ्चालनमा ल्याइनेछ।

(ठ) साना कृषक तथा भूमीहीन कृषकको लागि विशेष कार्यक्रम ल्याइनेछ।

(ड) नगर भित्रका उत्कृष्ट कृषक, समूह, सहकारीलाई सम्मान गर्ने कार्यक्रम ल्याइनेछ।

(ढ) कृषि विमा अभिमुखीकरण गरिनुको साथै विमा कार्यक्रमलाई विशेष जोड दिइनेछ।

(ण)सबै वडामा माटो परिक्षण शिबिर कार्यक्रम सञ्चालन गरिनेछ।

(त) कृषि उत्पादनको बृद्धि गरी उत्पादकत्व बढाउनको लागि यस नगरपालिका भित्र रहेका सबै वडाहरुमा आवश्यकता अनुसार सिचाई कार्यक्रमलाई विशेष जोड दिइने नीति लिईनेछ।

(थ)कृषि सेवालाई सरल र सहज रुपमा कृषकको घरदैलामा पुर्याउनको लागि आवश्यक कृषि प्राविधिकहरुको व्यवस्था गर्ने नीति लिईनेछ।

(द) गौशाला नगरपालिका वडा नं. ८ मा संचालित कृषि उपज चिस्यान केन्द्रलाई संचालनमा ल्याईनेछ।

(ध)कृषि तथा पशु विकास तर्फ बिभिन्न गैर सरकारी संस्थाहरूसँग साझेदारीमा कार्यक्रम संचालन गरिनेछ।

**पशु तथा मत्स्य विकास:**

(क) यस नगरपालिका भित्र रहेको विभिन्न पशुपंक्षीको संख्या तथा उत्पादन हुने सामग्री जस्तै दुध ,मासु जस्ता वस्तुको तथ्याङ्क संकलन गरी पशुपंक्षीको डाटाबेस डिजिटल रुपमा तयार गर्ने कार्यलाई प्राथमिकताका साथ अघी बढाइनेछ।

(ख) कृषकलाई पशु आहारामा लाग्ने खर्च न्यूनीकरण गर्ने उद्धेश्यकासाथ पशु आहारा सेवा अन्तर्गत घाँसबाली विउ वेर्ना तथा वर्षे तथा हिँउदे घाँसको वितरण गरी कृषक समक्ष पुर्याउनेछ।

(ग) पशुपंक्षीमा लाग्ने सरुवा तथा संक्रामक रोग जस्तै पि.पि.आर, खोरत ,भ्यागुते र स्वाइन फ्यु जस्ता रोगहरु विरूद्ध कृषकको घरदैलोमा गई रोगको खोपसेवा संचालन गरिनेछ।

(घ) कृत्रिम गर्भधान प्रविधिलाई जोड दिदै यस नगरपालिकाको पशु प्राविधिकबाट कृषि गणना सेवा लिइएको कृषकको गाई वा भैसी ब्याएको समयमा उक्त कृषकलाई नमुनाको रुपमा पशु सुत्केरी भत्ता वा सो समयमा आवश्यक रहने पौष्टिक पदार्थ स्वारुप औषधि उपलब्ध गराउने कार्यलाई नमुना रुपमा संचालन गरिनेछ।

(ङ) नगरपालिकामा व्यवसायिक रुपमा पशुपालन गर्दै आएका कृषकहरुलाई मध्य नजर गर्दै आवश्यकता बमोजिम कृषि यान्त्रिकरणहरु च्याप कटर (कुट्टि काट्ने मेसिन), मिल्किङ्क मेसिन, दुध संकलन क्यान आदि वस्तु ५० प्रतिशत अनुदानमा उपलब्ध गर्ने कार्य प्राथमिकतामा राखिनेछ।

(च)जिनेटिक रोग तथा अन्य रोगहरुको बारेका जनचेतना जगाउने खालको कार्यक्रमहरु विस्तार गरिनेछ।

(छ)विभिन्न जातका पशुपंक्षी पालनको लागि व्यवसायिक पालन बारे सिपविकास तालिम कार्यक्रम संचालन गरिनेछ।

(ज)वंगुर पालनबाट कृषकको अवस्थालाई सुधार गर्ने लक्ष्य सहित व्यवसायलाई प्रवर्धन गरी प्रत्येक वडामा तालिम दिई एक वंगुरपालन फर्म स्थापना गर्ने लक्ष्य लिइएको छ।

(झ)नगरपालिका अन्तर्गत रहेको व्यावसायिक पशुपालन कृषकहरुलाई प्रोत्साहन तथा हौसला बढाउने लक्ष्य सहित प्रत्येक वडाबाट एक उत्कृष्ट कृषक छनौट गरी पुरस्कृत गर्ने कार्यक्रम संचालन गरिनेछ।

(ञ)फर्म सुदृढीकरण अन्तर्गत भकारो सहितको गोठ सुधार कार्यक्रम संचालन गरिनेछ।

(ट) उपचार सेवा नपुगेको ठाउँहरुमा पशु स्वास्थ्य शिविरहरु संचालन गरिनेछ।

(ठ) गाई तथा भैसीमा देखिने मुख्य समस्या बाझोपनलाई निर्मुल गर्न भेटेरिनरी डाक्टर तथा पशु प्राविधिक सहित विशेष उपचार तथा शिविर संचालन गरी उत्पादकत्वलाई वृद्धि गरिने नीति लिईनेछ।

(ड) निगौल गाई गौशालालाई गौशाला नगरपालिकाको मातहतमा ल्याई प्रभावकारी रूपमा संचालन तथा व्यवस्थापन गरिनेछ।

**६. रोजगार:**

(क) बैदेशिक रोजगारबाट फिर्ता आएका श्रमिकहरूको सीप पहिचान गरी स्वरोजगार मुलक कार्यमा संलग्न गराउन पहल गरिनेछ साथै स्वरोजगार मुलक कार्यमा संलग्न स्थानीय यूवा उद्यमीहरूलाई प्रोत्साहित गरिनेछ ।

(ख) संघ तथा प्रदेशले ल्याईएको रोजगार मुलक कार्यक्रमलाई अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र बिस्तार गरिनेछ ।

(ग) दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगार प्रवर्दन गर्न बेरोजगार व्यक्तिलाई तालिम प्रदायक संस्थाहरूसंग समन्वय गरी तालिम प्रदान गरिनेछ ।

**७. पर्यटन क्षेत्रको विकास र प्रवर्द्धन** :

(क) नगरभित्र पर्यटन प्रवर्धनका सम्भावनाहरूको अध्ययन गरी पर्यटन विकासलाई जोड दिईनेछ।

(ख) ऐतिहासिक महत्व बोकेको मल्हनिया पोखरी, बान्ह पोखरी, निगौल ठाकुर पोखरी, रजखोर पोखरी, सुखलहिया पोखरी, पचाइन पोखरी साथै दुर्गा मन्दिरको संरक्षण र विकास गर्दै सौन्दर्यता वृद्धि गरी आन्तरिक पर्यटकलाई आकर्षित गरिनेछ।

(ग) ऐतिहासिक, धार्मिक, साँस्कृतिक सम्पदा तथा संस्कृतिहरुको पहिचान तथा अभिलेखीकरण गर्दै तिनीहरुको सर्वेक्षण, अनुसन्धान, सम्वर्द्धन, संरक्षणका लागि एकीकृत दीर्घकालीन गुरुयोजना निर्माण गरिनेछ।

(घ) पचाईंन पोखरी तथा पार्क निर्माण कार्यलाई बिस्तार गर्दै आन्तरिक पर्यटन प्रवर्धन गरिनेछ।

(ङ) गौशाला नगरपालिका, निगौल ठाकुर पोखरी क्षेत्र भित्र बाल आश्रम र बृद्धाश्रम स्थापना गरी निगौल ठाकुर पोखरी र भारतको काशी क्षेत्र बीच धार्मिक सांस्कृतिक पर्यटकीय स्थलको रूपमा विकास गरिनेछ ।

(च) गौशाला नगरपालिका वडा नं. ६, ७ ,९ भई बग्ने रूपनी खोलाको बिस्तृत गुरु योजना तयार गरी पर्यटन प्रवर्धन र खेती योग्य जग्गामा सिचाईको व्यवस्था मिलाईनेछ।

**८. उद्योग तथा वाणिज्य**

(क) नगरभित्र रहेका लघु तथा घरेलु उद्योगहरुको तथ्याङ्क संकलन गरी उद्योगहरुको प्रवर्द्धन र विकासमा जोड दिइनेछ।

(ख) गौशाला नगरपालिका वडा नं ८ मा निर्माणाधीन औद्योगिक ग्राम (INDUSTRIAL VILLAGE) लाई निर्माण सम्पन्न गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका उद्योग स्थापनाका लागि प्रोत्साहन गरिनेछ।

(ग) कृषिमा आधारित उद्योग स्थापना र संचालनमा प्रोत्साहन गरिनुका साथै नगर भित्रका सहकारी संस्थाहरूलाई साना तथा मझौला उद्योग संचालनका लागि प्रोत्साहन गरिनेछ।

**९. सहकारी र वित्तीय क्षेत्रको विकास :**

(क) नगरपालिकामा सहकारी संस्था सम्बन्धी नीति, कानून र आवश्यकता अनुसार मापदण्ड तयारी गरी कार्यान्वयन र नियमन गर्ने नीति लिइनेछ।

(ख) सहकारी संस्था दर्ता, अनुमति, खारेजी र विघटन, सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी मापदण्डको निर्माण तथा प्रभावकारी कार्यान्वयन र नियमन गरिनेछ।

(ग) प्रत्येक वडामा सहकारी सुपथ मूल्य पसल स्थापना गर्न पहल गरिनेछ।

(घ) नगरपालिकामा वहुउद्देश्यीय सहकारी संस्था बनाई जनतामा छरिएर रहेको पूँजिलाई केन्द्रित गरिनेछ।

(ङ) अन्तरनगर वित्तीय सहायताबाट काम गर्ने नीति अवलम्बन गरिनेछ।

(च) नगरका तर्फबाट छिमेकी नगरपालिका, गाउँपालिका तथा छिमेकी देशसंग भगिनी सम्बन्ध कायम गर्ने नीति लिइनेछ।

## पुर्वाधार विकास क्षेत्र

**१०. सडक पूर्वाधार तर्फको विकास निर्माण :**

(क) नगरपालिका केन्द्रबाट सबै वडाकार्यालयसम्म जोड्ने मुख्य सडक कालोपत्रे गर्ने नीति अवलम्बन गरिनेछ।

(ख) नगरपालिकामा स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक सम्बन्धी नीति, कानून, मापदण्ड, योजना बनाई कार्यान्वयन गरिनेछ।

(ग) अन्तर नगरपालिका जोड्ने सडकहरुलाई संघीय सरकार र प्रादेशिक सरकारसंग समन्वय गरी अगाडि बढाईनेछ।

(घ) नगरपालिकाबाट संचालन हुने जटिल प्रकृतिका कार्यहरू निर्माण व्यवसायीहरूबाट गरिनेछ

(ङ) नगरपालिकाबाट निर्माण हुने १२ फिट चौडाई भन्दा बढी र ठुला सवारीसाधन चल्ने सडकहरू कालोपत्रे वा आर सी सी ढलान गरिनेछ।

(च) मास्टर ड्रेनेज प्लान बनाई गौशाला बजारको ढल निकास तथा नाला व्यवस्थापन कार्यलाई उच्च प्राथमिकतामा राखिनेछ।

**११. भवन तथा सहरी विकास:**

(क) सार्वजनिक तथा निजि घर निर्माण गर्दा राष्ट्रिय भवन संहिता र मापदण्डलाई अनिवार्य रूपमा लागु गरिनेछ।

(ख) भवन आचार संहिता अनुसार नगर भित्र नयाँ घरहरू निर्माण गराईनुका साथै नयाँ नक्सा पास गर्दा कम्तीमा ४ वटा विरुवा रोपेको हुनुपर्ने र पक्की सडक उपलब्ध रहेको खण्डमा पक्की सडकको लेभेलबाट बढीमा ४ फिटसम्म मात्र प्लीन्थ लेभेल तोकेर नक्सा पास गरिनेछ।

(ग) नगरभित्र रहेका खरको छानो विस्थापित गरी जस्ता पाता र टायलको छाना छाउने व्यवस्था मिलाइनेछ।

(घ) वडा कार्यालयहरूको लागि क्रमश: वडा कार्यालय भवन निर्माण गरिनेछ ।

(ङ) नेपाल विद्युत प्राधिकरणसंग समन्वय गरी डीप बोरिंग संचालनको लागि विद्युतीकरण तथा कृषि मिटर जडान, स्वास्थ्य चौकीहरूमा विद्युत जडान गरिनेछ।

**१२. सूचना तथा सञ्चार :**

(क) सबै प्रकारका सूचना माध्यममा जनताको पहुँच पुऱ्याउन सञ्चार माध्यमलाई निष्पक्ष, मर्यादित, जिम्मेवार, व्यवसायिक र प्रतिस्पर्धी बनाउने नीति अवलम्वन गरिनेछ।

(ख) नागरिक तहमा सार्वजनिक सेवा र विकासका विविध आयामका बारेमा निरन्तर सचेतना र पैरवी गर्न विद्युतीय र छापा संचारमाध्यमसंग सहकार्य गरिनेछ।

(ग) नगर क्षेत्रमा पत्रकारिताको विकास परिमार्जन एवम् पेशागत दक्षताका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

(घ) नगरपालिकाको नगर प्रोफाइल, डकुमेन्ट्री तथा बुलेटिन प्रकाशन गरिनेछ ।

(ङ) सम्पूर्ण वडा कार्यालयबाट संचालनमा रहेको अनलाईन घटना दर्ता लाई प्रभावकारी रूपमा संचालन गर्दै निरन्तरता दिईनेछ ।

(च) नगरपालिका तथा वडा कार्यालयबाट कम्प्युटर प्रणालीद्वारा राजस्व संकलन गर्दै आएको कार्यलाई निरन्तरता दिदै e-payment सिस्टमलाई राजस्व संकलन प्रणालीमा आवद्ध गरी नागरिकलाई छिटो, छरितो र सुविधा युक्त तरिकाले राजस्व भुक्तानी गर्न सकिने व्यवस्था गरिनेछ।

**१३. उर्जा तथा वैकल्पिक उर्जा विकास कार्यक्रम :**

(क) वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसंगको सहकार्यमा नगरपालिका क्षेत्रभित्र वैकल्पिक उर्जाका विभिन्न श्रोतहरुको पहिचान गरी सुधारिएको चुलो, होम बायोग्यास, सोलार बत्ती जस्ता प्रविधीको प्रयोगमा जोड दिईनेछ।

(ख) विश्व बजारमा पेट्रोलियम पदार्थ तथा खाना पकाउने एलपीजी ग्याँसमा भएको महंगी तथा आयातलाई न्यूनीकरण गर्न विद्युतीय चुलो र विद्युतीय सवारी साधनको आपूर्ति गर्ने नीति लिईनेछ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन

**१४. वन तथा भु-संरक्षण :**

(क) सार्वजनिक खाली जग्गा, नदी उकास क्षेत्रको पहिचान र संरक्षण गरी उक्त क्षेत्रको समुचित उपयोगबाट आयआर्जन गर्नुका साथै खोला बगर क्षेत्रलाई स्वच्छ सुन्दर बनाउन फलफुल तथा वोटबिरुवाहरू रोपी संरक्षणको व्यवस्था मिलाइनेछ ।

(ख) जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी सर्भेक्षण, उत्पादन, सङ्कलन, प्रवर्द्धन, प्रशोधन र बजार व्यवस्थापन गरिनेछ ।

**१५. जल उत्पन्न प्रकोप नियन्त्रण :**

(क) नगरपालिकामा बढि जोखिम तथा धनजनको क्षति हुन सक्ने संभाव्यताको अध्ययन गरी मानव बस्ती संरक्षणका लागि नदी नियन्त्रण र तटबन्ध मार्फत जल उत्पन्न प्रकोप व्यवस्थापनलाई संघीय सरकार, प्रदेश सरकार, राष्ट्रिय र अन्तराष्ट्रिय गैरसरकारी संस्थासंगको समन्वय र सहकार्यमा कार्यान्वयन गरिनेछ।

(ख) नदीजन्य पदार्थहरुको उत्खनन् गर्दा नदी प्रणालीको प्रकार, उपलब्ध नदीजन्य पदार्थको परिमाण तथा स्थानीय वातावरणको संवेदनशीलता समेतलाई आधार मानी अध्ययन, अनुसन्धान गरी कार्ययोजना बनाएर मात्र नदीजन्य पदार्थको उपयोग गरिनेछ।

(ख) चुरे संरक्षण विकास तथा ज्ञान केन्द्र निर्माणको अवधारणा अनुसार सरोकारवाला संघसस्थाहरुसंग समन्वयमा कृषि चुरे वन क्षेत्रको संरक्षण गरी जीविकोपार्जनमा सहयोग पुर्याईनेछ ।

**१६. विपद् व्यवस्थापन :**

(क) विपद् व्यवस्थापन सम्वन्धी नीति, कानून, मापदण्ड, योजना निर्माणगरी नगरपालिकाबाट कार्यान्वयन र नियमन गरिनेछ।

(ख) विपद् पूर्व तयारी तथा प्रतिकार्य, पुनः स्थापना योजना, खोज तथा उद्धार, राहत सामग्रीको भण्डारण र वितरण कार्यको लागि विपद व्यवस्थापन समितिलाई सक्रीय बनाईनेछ।

(ग) संघ, प्रदेश र स्थानीय समुदाय, संघसंस्था तथा निजी क्षेत्र र राष्ट्रिय/अन्तरराष्ट्रिय गैर सरकारी संस्थासंगको सहयोग, समन्वय र सहकार्यमा विपद् जोखिम क्षेत्रको नक्सांकन, बस्तीहरूको पहिचान र स्थानान्तरण, विपद व्यवस्थापनमा जलवायु परिवर्तन, अनुकूलन तथा प्रकोप व्यवस्थापनको कार्यक्रम संचालन गरिनेछ साथै गरिदैं आएको कार्यलाई निरन्तरता दिईनेछ।

**१७. सुशासन तथा संस्थागत विकास**

(क) जनप्रतिनिधी, कर्मचारी तथा शिक्षकहरूको क्षमता विकासका लागि विभिन्न तालिम तथा अध्ययन अवलोकन, भ्रमणहरूको आयोजना तथा संचालन गरिनेछ ।

(ख) स्थानीय तहको संगठन विकास, जनशक्ति व्यवस्थापनका लागि कानून बमोजिम स्थानीय तहको संगठन संरचना तथा दरबन्दी निर्धारण गरी वृत्ति विकासको अवसर दिइनेछ।

(ग) जनप्रतिनिधि र कर्मचारीहरुले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त र जनउत्तरदायी बनाउदै नगरको विकासमा पुर्याएको योगदानको आधारमा कर्मचारीको कामको मुल्यांकन गरी थप सुविधा तथा प्रोत्साहनको व्यवस्था गरिनेछ।

(घ) कार्यालयको कार्यबोझलाई घटाउन तथा सेवा प्रवाहलाई छिटोछरितो र पारदर्शी बनाउन सूचना प्रविधीको अधिकत्तम प्रयोग गर्दै जाने नीति लिईनेछ ।

**१८. राजस्व परिचालन :**

(क) नगरपालिकामा राजस्व नियन्त्रण, संकलन र बाँडफाँड, प्राकृतिक स्रोत साधन र व्यवसायिक कर, पुर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी नीति, कानून, मापदण्ड निर्माणगरी कार्यान्वयन गरिनेछ।

(ख) सबै आर्थिक क्रियाकलापलाई करको दायरमा ल्याई राजस्वको आधार फराकिलो बनाउने तथा आर्थिक क्रियाकलापको विस्तारमा सहयोग पुग्ने गरी कर प्रणालीलाई लगानी मैत्री बनाई उत्पादनमूलक उद्योग तथा व्यवसायको प्रवर्द्धन गरिनेछ ।

(ग) करको संरचना र करका दरहरूमा समय सापेक्ष सुधार गरी कर प्रणालीलाई थप प्रगतिशील बनाउन अन्तरक्रिया, छलफल र परामर्श गोष्ठी लगायत विभिन्न कार्यक्रमहरु गरिनेछ।

(घ) नगरपालिका भित्रका उद्योग कलकारखानालाई करको दयारामा ल्याईनेछ ।

**१९. सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण :**

(क) स्थानीय सरकारको कार्यप्रणाली सुशासनको मूल्य र मान्यतामा आधारित हुनेछ।

(ख) विकास निर्माण कार्य तोकिएको मापदण्ड तथा गुणस्तर बमोजिम हुने कुरालाई सुनिश्चित गरी प्रभावकारी नियमन गर्न सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण गरिनेछ ।

**२०. गौशाला नगरपालिका भु-उपयोग नीति :**

(क) कृषियोग्य भूमिको गैर कृषि प्रयोग, कृषि भूमिलाई बाँझो राख्ने प्रवृति र अनियन्त्रित खण्डीकरणलाई निरुत्साहित गर्दै कृषियोग्य भूमिको समुचित उपयोग एवम् संरक्षणलाई सुनिश्चित गरिनेछ ।

(ख) भूमीको उचित व्यवस्थापन तथा योजनाबद्ध बस्ती विकासका लागि नगर स्तरमा भूमापन गरी एकीकृत बस्ती विकास आयोजना सञ्चालन गरिनेछ ।

(ग) नगरपालिका भित्र स्थापित मालपोत र नापी कार्यालय सञ्चालनमा ल्याईनेछ।

(घ) भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासको समस्या समाधान गर्न राष्ट्रिय भूमि आयोगसंग सहकार्य गरी यथार्थ लगत लिई जग्गा धनी प्रमाण पुर्जा उपलब्ध गराईनेछ ।

**२१. गौशाला नगरपालिकामा न्यायिक समिति सम्वन्धी काम र प्रस्तावना :**

(क) न्यायिक समितिले प्रचलित कानून बमोजिम उजुरीको कारवाही र किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि तय गरी स्पष्टता, एकरूपता एवं पारदर्शिता कायम गरी कानूनको शासन तथा न्यायप्रतिको जनविश्वास कायम राखिनेछ।

(ख) नगरवासीलाई छिटो छरितो, पहुँचयोग्य र प्रभावकारी न्याय सेवा प्रदान गर्ने नीति अवलम्बन गरिनेछ।

(ग) न्यायिक कार्य संचालन गर्न न्यायिक समिति मेलमिलाप कर्ताहरूलाई तालिमको व्यवस्था गरिनेछ।

(घ) न्यायिक समितिको कार्य संचालन गर्दा गौशाला नगरपालिकाको न्यायिक कार्य सम्पादन सम्बन्धी बनेको ऐन बमोजिम गरिनेछ।

**नगरसभा सदस्यज्यूहरु,**

प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्न मार्ग निर्देशन गर्नुहुने प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरू, माननीय पूर्व सांसदज्यूहरु, विभिन्न राजनितिक दलका पदाधिकारीज्यूहरु, वडा अध्यक्षज्यूहरु विभिन्न समितिका संयोजकज्यूहरु, नगर सभा सदस्यज्यूहरु, नीजि तथा विकास साझेदार सस्थाका महानुभावहरु, राष्ट्रसेवक कर्मचारीहरु, वुद्धिजिवी एवम् पत्रकार, नगरको समग्र विकासमा सहयोग पुर्याउनु हुने नगरवासीहरु सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । अन्त्यमा, नगरको विकास र सम्वृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्याउने आम नागरिक, करदाता, नगरको हित र समुन्नतिमा सकिय रहनुहुने सबै प्रति हार्दिक आभार व्यक्त गर्दै यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा सबैको खुल्ला हृदयबाट सहयोगको अपेक्षा गरेको छु।वर्तमान वस्तुगत यथार्थ र धरातलमा उभिएर आफ्नो नगरपालिकाको नीति तथा कार्यक्रमलाई आधार मानी समग्र चुनौतीहरुको सामना गर्न कटिबद्ध, प्रतिबद्ध र एकताबद्ध हुँदै गौशाला नगरवासीहरुको उज्ज्वल भविष्य निर्माणको लागि कामना गर्दछु ।

**धन्यवाद !**

# गौशाला नगरपालिकाको आ. व. २०७९/८० को बजेट बक्तव्य

*सभा अध्यक्षज्यू,*
*प्रमुख अतिथि ज्यू,*
*बिशेष अतिथि ज्यूहरू,*
*अतिथि ज्यूहरु,*
*नगरसभाका सदस्यज्यूहरु,*
*पत्रकारज्यूहरु,*
*उपस्थित सबै कर्मचारीहरु।*

नेपाल एक स्वाधीन र सार्वभौमसत्ता सम्पन्न मुलुकको रुपमा रहिआएको छ। विभिन्न कालखण्डहरुमा नेपाली जनताले गरेका बलिदानीपूर्ण जनआदोलन, जनयुद्ध, मधेश आन्दोलन लगायत अन्य सबै आन्दोलनबाट संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान घोषणा भई जनताले संवैधानिक रुपमा परिवर्तनको अनुभुति गरिरहेका छन्। विश्व महामारी कोभिड-१९ र अन्तरास्ट्रिय स्तरमा बढ्दै गएको अन्तरदेशीय द्वन्दको कारण देशमा उपभोग्य बस्तुहरू आयातमा मुल्यवृद्धि भई सम्पूर्ण विश्वको अर्थतन्त्रमा नकारात्मक प्रभाव देखिएको अवस्थामा गौशाला नगरपालिका पनि यस परिस्थितिबाट अक्षुतो नरहेको सर्वबिदितै छ। यस जटिल परिस्थतिमा आम नगरवासीको स्वास्थ्य, शिक्षा, जिविकोपार्जनको क्षेत्रलाई प्राथमिकतामा राखी नगर विकास निर्माणको कार्य अघि बढाउनु साथै अर्थतन्त्रलाई समेत असल दिशा तिर उन्मुख गराई आर्थिक विकासलाई  कायमै राख्ने कार्य जटिल र चुनौतिपूर्ण अवश्य छ।

**सभा अध्यक्षज्यू,**

राजनैतिक आन्दोलनबाट प्राप्त सबै खाले अधिकारलाई नेपालको संविधानले संस्थागत गरी सकेको यस महत्वपूर्ण घडीमा अव हामीले गौशाला नगरबासीका आवश्यकता, चाहना र भावनालाई केन्द्रविन्दुमा राखी गौशाला नगरपालिकाको नीति कार्यक्रमहरुलाई व्यवस्थित एवं मर्यादित रुपमा अगाडि बढाउन जरुरी भएकोले गौशाला नगरपालिकाले जारी गरेको नीति तथा कार्यक्रमलाई कार्यान्वयनमा लैजान यस गरिमामय सभा समक्ष आर्थिक बर्ष २०७९।०८० को बजेट प्रस्तुत गर्न उभिएको छु र अनुमति चाहन्छु।

**सभा अध्यक्ष ज्यू,**

गौशाला नगरपालिकाको आ. व. २०७९/०८० को अनुमानित बजेट यस गरिमामय आठौँ नगरसभा समक्ष पेश गर्न पाउदा मलाई खुशी लागेको छ।
प्रस्तुत बजेट तर्जुमा गर्न मार्ग निर्देशन गर्नु हुने नगर प्रमुखज्यू, प्रमुख अतिथिज्यू लगायत सम्पूर्ण पदाधिकारीज्यूहरु, सम्पूर्ण राजनीतिक दलका पदाधिकारीज्यूहरु, नीजि तथा विकास साझेदार सस्थाका महानुभावहरु, वडा अध्यक्षज्यूहरु, नगर कार्यपालिका सदस्यज्यूहरु, विभिन्न समितिका संयोजकज्यूहरु, नगर सभाका सदस्यज्यूहरु, राष्ट्र सेवक कर्मचारी, वुद्धिजिवि र नगरको समुन्नत विकासमा टेवा पुर्याउनु हुने नगरवासीहरु सबै प्रति हार्दिक आभार प्रकट गर्दछु।

**सभा अध्यक्षज्यू,**

**आर्थिक बर्ष २०७९/०८० को लागि आय तर्फ निम्न बमोजिमको बजेट अनुमान गरेको छु:-**

संघीय सरकारबाट वित्तीय समानीकरण अनुदान १८ करोड २७ लाख, संघीय राजस्व बाडँफाडँ तर्फ १४ करोड ६१ लाख ६२ हजार, संघीय सर्शत तर्फ २९ करोड ११ लाख, संघीय बिशेष अनुदान २ करोड ५० लाख,  प्रदेश सरकारको अनुदान

तर्फ वित्तीय समानिकरण अनुदान १ करोड २० लाख ६१ हजार, बिशेष अनुदान ३० लाख, समपूरक अनुदान २० लाख, राजस्व बाडफाड १ करोड ३५ लाख ९२ हजार ६ सय ७, आन्तरिक आय तर्फ ८ करोड २ लाख १० हजार, अल्या रकम ८ करोड गरी कुल रकम रु. ८४ करोड ३३ लाख २५ हजार ६ सय ७ को आय अनुमान गरेको छु ।

अन्त्यमा, नगरको विकास र सम्बृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्याउनुहुने आम नागरिक, करदाता, नगरको हित र समृद्धि लागि योगदान पुर्याउनु हुने सबै विकास साझेदार, सरकारी, गैर सरकारी सामुदायिक संघ- संस्थाहरु प्रति हार्दिक आभार प्रकट गर्दै यस बजेटको सफल कार्यान्वयमा खुल्ला हृदयबाट सबैको सहयोगको अपेक्षा राखेको छु ।

**धन्यवाद !**

## गौशाला नगरपालिकाको आ. व. २०७९/०८० को संक्षिप्त बजेट अनुमान

| विवरण | आन्तरिक स्रोत | राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम | वित्तीय समानीकरण अनुदान | सशर्त अनुदान | बिशेष / सम्पूरक अनुदान | कूल बजेट |
|---|---|---|---|---|---|---|
| संघ | - | १४,६१,६२,००० | १८,२७,००,००० | २९,११,००,००० | २,५०,००,००० | ६४४९६२००० |
| प्रदेश | - | १,३५,९२,६०७ | १,२०,६१,००० | ७५००००० | ५०,००,००० | ३८१५३६०७ |
| आ. श्रोत | ८,०२,१०,००० | - | - | - | - | ८०२१०००० |
| अ. ल्या. | ८,००,००,००० | - | - | - | - | ८००००००० |
| जम्मा | १६०२१०००० | १५९७५४६०७ | १९४७६१००० | २९८६००००० | ३०००००००० | ८४३३२५६०७ |